मधेस प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

जनकपुरधाम, नेपाल

पत्र संख्याः-०७९/८०

चलानी नं.: ९६३

मिति२०७९/०५/०१

१.श्री जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय,
ससरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा ।

२.श्री भुमिगत जलस्रोत तथा सिंचाइ विकास कार्यालयहरु,
लहान-सिरहा, जलेश्वर-महोत्तरी, कर्मैया-सर्लाही र विरगंज-पर्सा,

३.पूर्वाधार विकास कार्यालयहरु,
धनुषा, रौतहट  सिरहा, पर्सा,

४.यातायात पूर्वाधार निर्देशनालय,मधेश प्रदेश, जनकपुरधाम,

५.यातायात व्यवस्था कार्यालयहरु,
विरगंज(सवारी),विरगंज(स.चा.अ.प.),जनकपुर,लहान,

६.यातायात व्यवस्था सेवा कार्यालयहरु,
वर्दिवास-महोत्तरी, गौर-रौतहट, राजविराज- ससरी

७.सडक डिभिजन कार्यालयहरु,
च.पुर-रौतहट,लहान-सिरहा,

८.शहरी विकास तथा भवन कार्यालयहरु,
राजिवराज-ससरी,धनुषा,विरगंज-पर्सा,

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

उपर्युक्त विषयमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय जनकपुरधाम, धनुषाको च.नं. ८८ मिति २०७९/०४/१७ गतेको प्राप्त पत्रानुसार मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७९/०४/१६ गतेको निर्णय यसैसाथ संलग्न छ । तत्सम्बन्धमा प्रशासन सेवा, सामान्त्र प्रशासन समूह अन्तर्गत देहाय बमोजिमका तहहरुको पदनाम तोकिएकोले सोही अनुसार कार्यान्वयन हुन आदेशानुसार अनुरोध छ ।

निरकुमार विश्वकर्मा
(कानुन अधिकृत)

बोधार्थः
सुचना प्रविधि शाखाः यो पत्र सम्बन्धित कार्यालयमा ईमेल गरी दिनु हुन।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम

विषय : पदनाम तोक्ने बारे ।

प्रस्ताव पेश गर्न माननीय मुख्यमन्त्रीज्यूबाट स्वीकृति प्राप्त मितिः २०७९।०४।१२

१. विषयको संक्षिप्त व्यहोरा :- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस प्रदेशमा समायोजन भई आएका, प्रदेश लोक सेवा आयोगबाट स्थायी नियुक्ति एवं बढुवा नियुक्तिका लागि सिफारिश भएका प्रशासन सेवा, सामान्य प्रशासन समूहका विभिन्न तहका कर्मचारीहरुलाई हालसम्म पदनाम नतोकिएका कारण विभिन्न कठिनाई उत्पन्न भएको छ । हाल विभिन्न तह अन्तर्गतका पदहरुको पदनाम नतोकिएका कारण कर्मचारीहरु पदनाम उल्लेख हुनुपर्ने ठाउँमा तह नै उल्लेख गरिरहेको वर्तमान सन्दर्भमा पदनाम तोक्न आवश्यक देखिन्छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :- प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गत रहेका विभिन्न तहहरुको पदनाम तोक्न गठित समितिको मिति २०७९।०४।०५ को बैठकबाट विभिन्न तहका पदहरुको पदनाम तोक्नका लागि सिफारिश भई आएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र कार्यालयको सिफारिस :- प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ७, ८ र ३३ (१) मा पदनाम सम्बन्धी विभिन्न व्यवस्थाहरु उल्लेख भएको साथै पदनाम तोक्न गठित समितिको सिफारिशको आधारमा प्रदेश सरकार, मन्त्रिपरिषद्बाट पदनाम तोकिन आवश्यक देखिएको र सो सम्बन्धमा आगामी मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेश गर्न माननीय मुख्यमन्त्रीज्यूबाट मिति २०७९।०४।१२ मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार, (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :- प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतका देहायबमोजिमका तहहरुको पदनाम देहायबमोजिम तोक्ने ।

| तह | पद |
|---|---|
| अधिकृतस्तर बाह्रौं | प्रदेश सचिव |
| अधिकृतस्तर एघारौं | निर्देशक |
| अधिकृतस्तर दशौं | उप निर्देशक / बरिष्ठ उप सचिव |
| अधिकृतस्तर नवौं | उप सचिव |
| अधिकृतस्तर आठौं | बरिष्ठ शाखा अधिकृत |
| अधिकृतस्तर सातौं | शाखा अधिकृत |
| अधिकृतस्तर छैठौं | सहायक शाखा अधिकृत |
| सहायकस्तर पाँचौं | नायब सुब्बा |
| सहायकस्तर चौथो | खरिदार |
| सहायकस्तर तेस्रो | हलुका सवारी चालक/कार्यालय सहयोगी |

मितिः२०७९।०४।१५

शिवनाथ पौडेल
सचिव

श्री सचिव,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम ।

पदनाम तोक्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव प्र.मं.प.बै.सं. १०।०७९ मिति २०७९।०४।१६ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम २३(१) बमोजिम अनुरोध गरेको छु ।

<u>प्रदेश सरकारको निर्णय</u>
"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, नेपाल

(कृष्ण बहादुर राउत)
प्रमुख सचिव
२०७९।०४।१६